(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

**मोदी गाउँपालिका**

# स्थानीय राजपत्र

**खण्ड-३, संख्या-५, मिति-२०७६।०७।०७**

**भाग-२**

नेपालको संविधान बमोजिम मोदी गाउँसभाले बनाएको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## मोदी गाउँपालिका

# ब्यवसायिक कृषि फर्म तथा कृषक समुह दर्ता एवं अनुदान संचालन कार्यविधि-२०७६

## परिचयः

नेपाल कृषिप्रधान देश हो । यहाँका झण्डै दुइतिहाई मानिसहरूले कृषि पेशावाटनै जीवन यापन गरीरहेका छन् । देशको कुल गार्हस्थ्य उत्पादनको ५० प्रतिशत भन्दा माथि कृषि क्षेत्रको नै योगदान रहेको छ । तर वर्तमान अवस्थामा उत्पादनशील शक्तिकोरूपमा रहेको  युवा वर्ग वैदेशिक रोजगारीको कारणले देश बाहिर गएकोले अधिकांश जमीन वाँझो रहेको अवस्थामा नेपालको कृषि क्षेत्र धरासायी हुँदै गईरहेको छ । अव कृषिलाई आयआर्जनको श्रोत तथा जीवनयापनको माध्यम बनाउनको लागि कृषि क्षेत्रमा ब्यवसायीकरण र समुहिकीकरणको आवस्यकता देखिन्छ । यसै कुरालाई मध्यनजर गरी खेती गर्ने ठूला किसानहरू ब्यवसायिक बनुन वा साना किसानहरू समुह वा सहकारीमा आवद्ध भइ आफ्नो पहिचान दिन सक्षम हुन् र बास्तविक कृषि पेसामा संलग्न किसानले मात्र गाउँपालिकावाट सेवा सुविधा र अनुदान पाउन सकुन भन्ने उद्देश्यले यस मोदी गाउँपालिकाले ब्यवसायिक कृषि फर्म  तथा कृषक समुह दर्ता एवं अनुदान संचालन कार्यविधि-२०७६ तयार गरेको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधिको नाम **"ब्यबसायिक कृषि फर्म तथा कृषक समुह दर्ता एवं अनुदान संचालन कार्यविधि-२०७६"** रहेको छ ।

(२) यो कार्यविधि मोदी गाउँपालिका भर लागु हुने छ ।

(३) यो कार्यविधि मोदी गाउँपालिका, गाउँ कार्यपालिकाले निर्णयगरी स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागु गरिने छ ।

## २. परिभाषा

: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

**(क) "कृषक/किसान"** भन्नाले **फर्म संचालन गरी कृषि उत्पादन गर्ने** वा **कृषक समुह वा सहकारीमा आवद्ध भई  कृषि ब्यवसायबाट जीवन यापन गर्ने**  नागरिकलाई जनाउने छ ।

**(ख) "अनुदान"** भन्नाले कृषकहरूलाई **कार्यालयवाट उपलब्ध गराउने सुबिधा**लाई जनाउने छ ।

**(घ) "ब्यवसायिक किसान"** भन्नाले **कृषिफर्म दर्ता** गरी कृषिजन्य उत्पादन गरीरहेका **ठूला किसान (**दफा-६ को बर्गीकरण अनुसार क-ङ सम्ममा पर्ने)लाई जनाउने छ ।

**(ङ) "साना किसान"** भन्नाले थोरै जमीनमा **खेती गरेका र समुह वा सहकारीमा आवद्ध**भई सदस्यता प्राप्त गरेका किसानलाई बुझाउने छ ।

**(च) "कृषि फर्म"** भन्नाले १ रोपनि भन्दा बढी जमिनमा तरकारी खेती, ५ रोपनि भन्दा बढीमा खाद्यन्न तथा फलफूल खेती, ५ वटा भन्दा बढी टनेलमा तरकारी खेती, १ रोपनि भन्दा बढीमा फूल तथा नगदेबालीको खेती र १० घार भन्दा बढी माहुरीका घार भएका र बिधिवतरूपमा आफ्नो फर्म गाउँपालिकामा दर्ता गराएका फर्मलाई संझिनु पर्ने छ ।

**(छ) "कृषक समुह"** भन्नाले एउटै ब्यवसायमा संलग्न ७ देखि ४० जना कृषक मिली गठित समूह बुझिने छ ।

**(ज) "सहकारी"** भन्नाले एउटै भौगोलिक क्षेत्र भित्रका एकै किसिमको कारोवार गर्न मंजुरगरी सहकारी ऐन अनुसार रू. १००।- को निश्चित कित्ता सेयर संकलन गरी गठन र दर्ता भई संचालन भएको समूहलाई वुझाउने छ । यो उत्पादक, उपभोक्ता र श्रमिक तीन क्षेत्रमा काम गर्ने कृषि, दुग्ध, स्वास्थ्य, संचार, बचत तथा ऋण र बहुउद्देश्यीय गरी ६ प्रकारको हुनेछ ।

**(झ) "पकेट क्षेत्र"** भन्नाले धेरै किसानहरू मिली १० हेक्टर भन्दा बढी जमीनमा एकै किसिमको कृषिजन्य उत्पादन गरेको निश्चित स्थानलाई जनाउने छ ।

**(ञ) "ब्लक"** भन्नाले धेरै किसानहरू मिली १०० हे. भन्दा बढी जमीनमा एकै किसिमको कृषिजन्य उत्पादनमा संलग्न भएको ठूलो क्षेत्रलाई जनाउने छ

**(ट) "समिति"** भन्नाले मोदी गाउँपालिकाका कृषकका समस्याको पहिचान, कृषिक्षेत्रको विकास, अनुगमन र नीतिगत निर्णय गर्न कृषक प्रतिनिधि समेत भएको यस कार्यविधिको दफा ४ बमोजिम गठन भएको ब्यवस्थापन समितिलाई जनाउने छ ।

## ३. उद्देश्य :

(क) साना किसान र ब्यवसायिक किसानलाई पहिचान र बर्गीकरण गरी बास्तविक किसानलाई मात्र अनुदान उपलब्ध गराउने ।

(ख) कृषिलाई ब्यवसायीकरण गरी कृषिमा आत्मनिर्भरताको बृद्धि गर्नुको साथै कृषिजन्य उत्पादनको आयातलाई घटाउने तथा निर्यातलाई बढाउने ।

(ग) सरकारी सुबिधा तथा अनुदानलाई बास्तविक र ब्यवसायिक कृषकका हातमा पुर्‍याउने ।

(घ) कृषिका पकेट क्षेत्र र ब्लकलाई ब्यवस्थित गरी उत्पादनलाई बढाउने ।

## ४. कृषि विकास समिति सम्बन्धी ब्यवस्था:

मोदी गाउँपालिकामा रहेका बास्तविक किसानको समस्या पहिचान गरी सहयोग प्रदान गर्नका लागि निम्नानुसारको सर्वपक्षीय कृषि विकास समिति गठन हुनेछ:

संयोजक: गाउँपालिकाको अध्यक्ष,

सदस्य: आर्थिक समितिको संयोजक,

सदस्य: कृषक प्रतिनिधि वा कृषक संजालको अध्यक्ष

सदस्य: कृषि(उत्पादन तथा उपभोक्ता) सहकारीको प्रतिनिधी

सदस्य: प्रमुख प्रशासकीय अधिकृत वा

सदस्य: उद्योग शाखाको प्रमुख वा कृषि उद्यमी मध्येबाट १ जना

सदस्य सचिव: कृषि शाखाको प्रमुख

नोट: यस समितिको बैठकमा कृषि, सहकारी, कृषि उत्पादन बजारीकरण क्षेत्रका विज्ञ तथा अन्य आवस्यकता अनुसारका व्यक्तिहरूलाई पनि आमन्त्रण गर्न सकिने छ ।

## ५. कृषि विकास समितिको काम कर्तब्य र अधिकार:

१ आवस्यकता अनुसार बैठक बसी कृषकका समस्यको बारेमा छलफल गरी निर्णय लिने,

२ प्राकृतिक प्रकोपबाट भएको कृषिउपजको क्षतीबारे छलफल गरी राहत उपलब्ध गराउने,

३ कृषिक्षत्रको अनुदानको बिषयमा छलफल गरी नीति तय गरी गाउँपालिकामा स्वीकृतको लागि पठाउने,

४ मोदीलाई कृषिमा आत्मनिर्भर गराउन सुझाव र सल्लाहका साथै आवस्यक सिफारिस र नीतिगत निर्णयहरू गर्ने ।

५ कृषकको उत्पादनलाई प्रशोधन तथा बजारीकरणमा सहयोग गर्ने,

६ नयाँ, आधुनिक र बैज्ञानिक प्रबिधीको खोजीगरी आफ्नो कार्यक्षेत्रमा लागु गर्न पहल गर्ने,

७ संघ र प्रदेशबाट कार्यन्वयन भएका कृषि ब्लक, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, कृषि पकेट क्षेत्र जस्ता कार्यक्रमलाई सहयोग गर्ने ।

८ कृषकलाई अवलोकन भ्रमण, तालिम र ब्यवहारीक अभ्यास जस्ता कार्यका लागि बजेट ब्यवस्थापन तथा समन्वय गर्ने ।

९ कृषि कार्यसंग सम्बन्धित संघ, संस्था र परियोजना हरूलाई दिशा निर्देश गर्ने ।

## ६. फर्म दर्ताको लागि कृषकको बर्गीकरण सम्बन्धी ब्यवस्था ः

(क) **विशिष्ट कृषक** : वार्षिक लगानी रू. ३ करोड भन्दा माथि, बार्षिक कारोबार रू.२ करोडभन्दा माथि, **मासिक आम्दानी कम्तिमा रू. ५ लाख** भई ३० जना भन्दा बढीलाई रोजगारी दिएका र ७ वर्ष अनुभव भएका किसानलाई बुझिने छ

(ख) **उद्यमी कृषक :** वार्षिक लगानी रू. ५० लाख भन्दा माथि, बार्षिक कारोबार रू. ४० लाखभन्दा माथि, **मासिक आम्दानी कम्तिमा रू. २ लाख** भई १५ जना भन्दा बढीलाई रोजगारी दिएका र ५ वर्ष अनुभव भएका किसानलाई बुझिने छ ।

(ग) **ब्यवसायिक कृषक** : वार्षिक लगानी रू. २४ लाख भन्दा माथि, बार्षिक कारोबार रू. २५ लाखभन्दा माथि, **मासिक आम्दानी कम्तिमा रू. १ लाख** भई

९ जना भन्दा बढीलाई रोजगारी दिएका र ५ वर्ष अनुभव भएका किसानलाई बुझिने छ ।

**(घ) ब्यबसाय उन्मुख कृषक** : वार्षिक लगानी रू.  ५ लाख भन्दा माथि, बार्षिक कारोबार रू. १२ लाखभन्दा माथि, **मासिक आम्दानी कम्तिमा रू. ३० हजार** भई ५ जना भन्दा बढीलाई रोजगारी दिएका र ४ वर्ष अनुभव भएका किसानलाई बुझिने छ ।

**(ङ) साना कृषक** : वार्षिक लगानी रू.  ५ लाख भन्दा माथि, बार्षिक कारोबार रू. ५ लाखभन्दा माथि, **मासिक आम्दानी कम्तिमा रू. १५ हजार** भई ४ जना भन्दा बढीलाई रोजगारी दिएका र ३ वर्ष अनुभव भएका किसानलाई बुझिने छ ।

**(च) निर्वाहमुखी कृषक** : वार्षिक लगानी रू.  ५ लाख भन्दा कम, बार्षिक कारोबार रू. ५ लाखभन्दा कम, **मासिक आम्दानी कम्तिमा रू. ५ हजार** भई २ जना भन्दा कमलाई रोजगारी दिएका र २ वर्ष अनुभव भएका किसानलाई बुझिने छ ।

(छ) **सिमान्तकृत कृषक :** वार्षिक लगानी रू.  १ लाख भन्दा कम, बार्षिक कारोबार रू. १ लाखभन्दा कम, **मासिक आम्दानी कम्तिमा रू. १ हजार** भई २ जना भन्दा कमलाई रोजगारी दिएका र खास अनुभव नभएका किसानलाई बुझिने छ ।

(ज) **सौखिन कृषक :** करेसाबारी, कौसी खेती र अन्य यस्तै साना काम गर्ने कृषकहरूलाई बुझिने छ ।

**नोट:** माथिका दफा ४ बमोजिम कृषक छुट्याउन नसकेमा मासिक आम्दानीलाई मात्र आधार मानेमा फरक पर्ने छैन । दफा ४ को  'च', 'छ' र 'ज' का कृषकहरू फर्म दर्ता नगरी समुहमा आवद्ध भएमा पनि गाउँपालिका बाट पाउने अनुदान प्राप्त गर्न सक्ने छन् ।

## ७. दर्ता प्रक्रियाः

**(क)** गाउँपालिकामा कृषि व्यवसाय (फर्म) दर्ता गर्न चाहने किसानले अनुसूची-१, बमोजिमको ढाँचामा वडा कार्यालयमा निवेदन दिन सक्ने छन् । एकल फर्मको लागि एक जनाले र साझेदारी फर्मको लागि सबै साझेदारले संयुक्तरूपमा निवेदन दिनुपर्नेछ । उक्त निवेदनको साथमा निम्न कागजातहरू समावेश गर्नु पर्ने छ ।

(१) फर्म दर्ता शुल्क बुझाएको रसिद,
(२) नागरिकताको फोटोकपी,
(३) फर्म संचालन गर्ने जग्गाको लालपुर्जा (भाडामा लिएको भए संझौता पत्र समेत)
(४) आफुसंग भएका मेसिन औजार तथा उपकरणहरूको बिबरण,
(५) कृषक समुह वा सहकारीमा आवद्ध भएको भए सो को प्रमाण,
(६) आफ्नो बिबरण भरिएको अनुसूची-४ को कृषक बर्गीकरण फारम २ प्रति
(७) साझेदारी फर्म भएमा साझेदारको बैठकको निर्णय वा संयुक्त प्रतिबद्धता

**(ख)** गाउँपालिकामा कृषक समुह दर्ता गर्न चाहने किसानहरूले अनुसूची-१, बमोजिमको ढाँचामा गाउँपालिकाको कृषि शाखामा निवेदन दिन सक्ने छन् । उक्त निवेदनको साथमा निम्न कागजातहरू समावेश गर्नु पर्ने छ ।

(१) गाउँपालिकामा रू. **१००।-** बुझाएको रसिदको फोटोकपी,
(२) समूहको बैठकबाट पास गरेको समूहको बिधान ३ प्रति
(३) सबै सदस्यहरूको नागरिकताको फोटोकपी,
(४) वडा कार्यालयको सिफारिस
(५) समुहको बिधान ३ प्रति
(६) समूहमा भएका मेसिन औजार तथा उपकरणहरूको बिबरण,
(७) समूह गठन भएको निर्णय पुस्तिकाको प्रतिलिपि वा फोटोकपी

**८. नबीकरण सम्बन्धी ब्यवस्था**:- गाउँपालिकामा दर्ता भएका कृषक समुह लाई हरेक वर्ष  नयाँ आर्थिक वर्ष शुरू भएको ३ महिना भित्र नवीकरण गर्नु पर्ने छ । ३ महिना कटेपछि नवीकरण नभएको संस्था वा समुहले अनुदान पाउने छैन । नवीकरको लागि निम्न कागजात पेश गर्नु पर्ने छ ।

१. निवेदन,
२. नबीकरण दस्तुर रू. १००।– को रसिद,
३. फर्म वा समुहको लेखापरीक्षण वा आर्थिक बिवरण
४. उत्पादन र बिक्रिको बार्षिक प्रगति प्रतिवेदन,
५. वडा कार्यालयको सिफारिस,

नोट: म्याद भित्र नवीकरण नभएमा सोही आर्थिक वर्ष भित्र  नवीकरण दस्तुरको आधा र सो भन्दा पछि हरेक वर्ष नवीकरण दस्तुर वरावरको  दरले जरिवाना लाग्ने छ ।

**९. अनुदान सम्बन्धी ब्यवस्था** ः गाउँपालिकाले ब्यवसायिक किसानलाई उत्पादनका आधारमा मात्र अनुदान दिने नीति अवलम्वन गर्ने छ । अनुदान उपलब्ध गर्नका लागि पहिलो बर्षको आफ्नो फर्म, समूह वा सहकारीको उत्पादन गाउँपालिकाको कृषि विकास शाखामा पेश गरी रूजु गराई अनुदान माग गर्नु पर्ने छ । अनुदान निम्म बुँदाको आधारमा प्रदान गरिने छ ।

(१) बीउ, बेर्ना र टनेल प्लास्टिकमा फर्म, समुह र सहकारीलाई ५० प्रतिशत छुट दिईने छ । सो को लागि गाउँपालिकामा दर्ता भएका फर्म, समूह तथा सहकारीमा अनिवार्य आवद्ध हुनु पर्ने छ ।

(२) मेसिन औजारमा गाउँपालिकाको निर्णय बमोजिम तोकिएको रकम अनुदानको रूपमा उपलब्ध गराईने छ । मेसिन औजारहरू ब्यवसायिक फर्ममा ब्यक्तिलाई र कृषक समूह वा सहकारीलाई सामुहिक रूपमा प्राबिधिक मुल्याङ्कनका आधारमा उपलब्ध गराईने छ ।

(३) फर्म दर्ता गरेका ब्यक्तिलाई अनुदान/सहयोग उपलब्ध गराउनका लागि दफा ६ को बर्गीकरणलाई आधार मानिने छ ।

(४) समूह तथा सहकारीलाई अनुदान उपलब्ध गराउन उनिहरूको उत्पादन, ब्यवस्थापन, सामुहिक एकता र पारदर्शितालाई आधार मानिने छ । नेतृत्वले राम्रो कार्य नगरेको पाईएमा त्यस्तो नेतृत्वलाई कार्यालयले हटाउन र कारबाही गर्न सक्ने छ ।

(५) एउटै ब्यक्तिले दुईतिरबाट अनुदान पाउने छैन । एक ब्यक्ति एक ब्यवसायलाई प्राथमिकता दिई कार्यक्रम संचालन गर्न जोड दिईने छ ।

(६) अनुदानको दुरूपयोग गरेको पाईएमा दुरूपयोग गर्ने ब्यक्ति, समुह वा सहकारीलाई कार्वाही गरी पछिल्ला दिनहरूमा अनुदान रोक्का गरिने छ । **जमीन बाँझो राख्ने** कृषकले अनुदान पाउने छैन ।

(७) लगातार ५ वर्षसम्म ठूलो परिमाणमा कृषिजन्य वस्तुहरू उत्पादन गरी बिक्रि गर्ने र पालिका तथा देशको अर्थतन्त्रमा समेत योगदान गर्ने कृषि फर्म, समूह वा सहकारीलाई **"मोदी दीर्घ कृषि ब्यबसायी पुरस्कार"** प्रदान गरिने छ ।

(८) कृषि फर्म, कृषक समूह वा सहकारीले आफ्नो आफ्नो उत्पादनको लक्ष गाउँपालिकाको कृषि बिकास शाखामा पेश गर्नु पर्ने छ । कुन कुन बाली वा वस्तु कति मात्रामा कुन समयमा उत्पादन हुने हो सो प्रष्ट खुलाई **अनुसूची-८** को फारम भरी पेश गर्नु पर्ने छ । सोही आधारमा प्रगति भए नभएको स्थलगत अनुगमन गरी कृषि फर्म, समुह वा सहकारीको स्तर निर्धारण गरिने छ ।

(९) प्राकृतिक प्रकोप बाट ब्यवसायमा हुनसक्ने क्षतीबाट फर्म, समुह वा सहकारीलाई सहयोग गर्न **"कृषक तथा प्राकृतिक प्रकोप राहतकोष"**मा कूल कृषिको बजेट बाट ५% रकम विनियोजन गरी सो रकमबाट कृषि सामाग्री निशुल्क उपलब्ध गराइने छ । उत्पादनको लक्ष पेश नगरेका वा लक्ष अनुसार उत्पादन गर्न नसकेका फर्म, समुह तथा सहकारीलाई सो राहत रकम दिईने छैन ।

**१०. कृषिजन्य बस्तुको प्रशोधनः** कृषकका उत्पादनलाई थप कार्यद्वारा परिमार्जित गरी मुल्यवान र लामोसमयसम्म भण्डारण गर्न सकिने गरी रूपान्तरण गर्ने कार्यलाई यस कार्यबिधिमा कृषि बालीको प्रशोधन भनिएको छ । यस कार्यविधिको दफा ७ बमोजिम दर्ता गरी प्रशोधन उद्योग संचालन गर्न सकिनेछ:

१. कृषिजन्य बस्तुको प्रशोधन गरी लामोसमयसम्म सुरक्षित राख्ने र पछि लागत बढ्ने गरी बेच्ने ब्यवसाय पनि कृषि ब्यवसाय अन्तर्गत पर्दछ । सो कार्यमा ब्यवसाय दर्ता गर्न चाहनेले "खाद्य उद्योग" वा "प्रशोधन उद्योग" को रूपमा दर्ता गरी संचलन गर्न सक्ने छ ।
२. प्रशोधन उद्योग संचालग गर्ने व्यक्ति वा संस्थालाई पनि गाउँपालिकावाट प्राप्त हुने अनुदान उपलब्ध गराउन सकिने छ ।
३. यसरी उद्योग संचालन गरेमा कृषक बाट खरिद गरेको कच्चा पदार्थको प्रकार र मुल्यको आधारमा १% देखि २.५% सम्म ढुवानी अनुदान दिईने छ ।
४. खाद्य उद्योगको खाद्य परीक्षण प्रयोगशालामा अनुमति लिनुपर्ने भएकोले त्यस्ता उद्यमीलाई गाउँपालिकाले प्राबिधिक सहयोग पनि उपलब्ध गराउन सक्ने छ ।

**११. प्रशोधन कार्य अन्तर्गत निम्म कामहरू लाई जनाउनेछ**

१. साग, ढकायो र बाँको बाट गुन्द्रुक बनाउने,
२. मुला, करेला, च्याउ, लाखुटो, आदी बस्तुहरू सुकाएर संरक्षण गर्ने,
३. गोलभेडा, खुर्सानी आदिको सस बनाउने,
४. बिभिन्न तरकारी तथा काँचा फलफूलहरूलाई अमिल्याई, अचार बनाई संरक्षण गर्ने,
५. हरीयो केराउ, सिमी, बोडि, आदीलाई पाश्चुराइजेशन गरी टिनबन्दी(क्यानिङ्ग) गर्ने,
६. कोदो, फापर आदि लाई भिजाइ, धोई, पखाली सुकाएर प्रशोधित पिठो तयार गरी प्याकेजिङ् गर्ने,

७. अनदी, आँगा, झिनुवा आदी महङ्गा धानका चामललाई स-साना प्याकेट तयार गर्ने,
८. तरकारीको बीउलाई आवस्यकता अनुसार स्तरीकरण र सुखापन निर्धारण गरी प्याकिङ् गर्ने,
९. अदुवा, लप्सी आदिको क्याण्डि, पाउडर, अचार बनाउने,
१०. फलफुलको जाम जेली, जुस, सिरप, मुरब्बा, आदि बनाउने तथा क्यानिङ् गर्ने
११. अदुवाको सुठो, हलेदोको पाउडर, जिरा धनियाको धुलोमसला, आदी बनाउने ।

## १२. कृषक बर्गीकरण तथा परिचयः पत्रको ब्यवस्थाः

१. कृषि फर्म संचालन गर्ने, बजार प्रबर्द्धन गर्ने तथा प्रशोधन गर्ने कृषकलाई दफा-५ को मापदण्डका आधारमा बर्गीकरण गरी ब्यवसायिक कृषक परिचयपत्र उपलब्ध गराईने छ ।
२. ब्यवसायी किसानले ब्यवसाय शुरू गरेको ३ महिना पछि अनुसूची-४, को ढाँचामा आफ्नो ब्यबसायको बिवरण वडा कार्यालयमा पेस गरे पछि स्थलगत अध्ययन गरी ब्यवसाय दर्ता गरी अनुसूची-२, बमोजिमको ब्यवसाय दर्ता प्रमाण-पत्र र अनुसूची-६, वमोजिमको कृषक परिचय पत्र दिईने छ ।

**१३. ब्यवस्थापन नर्सरी**:- मोदी गाउँपालिकाका सबै वडाहरूमा फलफूल, तरकारी तथा फूलका विरूवा उपयुक्त वातावरणमा उमारी सबै कृषकहरूलाई कार्यालयले तोकेको मुल्यमा उपलब्ध गराउन एक एक वटा हाईटेक नर्सरी स्थापना गरिने छ । सो नर्सरीको लागि गाउँपालिकाले तोकेको रकम अनुदानकोरुपमा उपलब्ध गराईने छ । नर्सरीको लागि गाउँपालिका भित्रका विभिन्न वडाका इच्छुक कृषकहरूबाट माग निवेदन संकलन गरी कृषकको सीप, अनुभव, नर्सरी स्थापना गर्ने ठाउको भौगोलिक र बातावरणीय उपयुक्तता तथा कृषकको सहयोगी भावनालाई

मुल्याङ्कन गरी उक्त सहयोग प्रदान गरिनेछ। नर्सरी स्थापना गर्न छनौट भएका कृषकले आफ्नो नर्सरी (फलफूल नर्सरी, तरकारी नर्सरी र पुष्प नर्सरी) यस कार्यविधिको दफा ७ बमोजिम दर्ता गरी संचालन गर्नु पर्ने छ । नर्सरी ब्यवस्थापकले निम्न कार्यहरू सम्पादन गर्ने छन् :

(१) कार्यलयले दिएको अनुदानको उपयोग गरी प्राविधिक दृष्टिले उपयुक्त स्थानमा कार्यालयको प्राबिधिक ल.ई. बमोजिमको नर्सरी स्थापाना गर्नु पर्ने छ ।

(२) कार्यालयले तोकेका फलफूल, तरकारी तथा फूलका बिरूवाहरू उपयुक्त समयमा उमारी तोकिएकै मुल्यमा समुह, सहकारी वा फर्ममा आवद्ध कृषकलाई उपलब्ध गराउनु पर्ने छ।

(३) फलफूल नर्सरीमा फलफूलका विरूवाको साथै कृषकको आवस्यकता अनुसार कार्यालयसंग समन्वय गरी चिया, कफी तथा अलैँची जस्ता नगदे बालिका विरूवा समेत उत्पादन र विक्री गर्न सकिने छ।

(४) विरूव तयार गर्न आवस्यक पर्ने बीउ र प्राबिधिक सहयोग कार्यालयवाट उपलब्ध गराईने छ। विरूवाको गुणस्तर पनि कार्यालयले तोके बमोजिम हुनु पर्ने छ।

(५) नर्सरी ब्यवस्थापकले बार्षिक बिरूवा वितरणको तथ्याङ्क कार्यालयमा पेश गर्नु पर्ने छ।

(६) नर्सरीको मर्मतसंभार गर्ने काम संबन्धित कृषकको नै हुने छ।

१४. **बस्तुको विमासम्बन्धी व्यवस्था** : ब्यवसायिक कृषकले आफुले उत्पादन गर्ने बालीको कृषिबीमा गर्नु पर्ने छ। प्राकृतिक प्रकोप वा अन्य कारणबाट बालीकोक नोक्सान हुन पुगेमा सोही विमाबाट कृषकले नियमानुसारको रकम क्षतिपूर्ति पाउने छ।

अनुसूचीः १

## कृषि फर्म दर्ताको लागि निवेदन

मिति: २०७६।    ।    ।

**श्री वडा अध्यक्षज्यू,**
**मोदी गाउँपालिका, वडा नं. .... को कार्यालय,**
**....................., पर्वत**

### विषय: ब्यवसायिक कृषि फर्म दर्ता गरीपाउँ भन्ने बारे ।

**प्रस्तुत विषयमा मोदी गाउँपालिकाको ब्यबसायिक कृषि फर्म र कृषक समुह दर्ता तथा अनुदान संचालन कार्यविधि-२०७६ बमोजिम कृषि फर्म दर्ता गर्नको लागि निम्म कागजातहरू संलग्न राखी यो निवेदन पेश गरेको छु । मेरो .. .. .. .. .. .. .. .. .. .. .. .. नामको कृषि फर्म अनुसूची-५, को विवरणका आधारमा दफा ६ बमोजिम (क/ख/ग/घ/ङ) समुहमा राखी दर्ता गरिदिनुहुन अनुरोध गर्दछु ।**

**औठाको छाप**

| दायाँ | बायाँ |
|---|---|
| | |

**<u>निवेदकको</u>**

**हस्ताक्षर.................................**

**नाम:**

**पद:**

**संलग्न कागजातहरू**

(१) फर्म दर्ता शुल्क तिरेको रसिद,

(२) नागरिकताको फोटोकपी,

(३) आफुसंग भएका मेसिन औजार तथा उपकरणहरूको बिबरण,

(४) फर्म संचालन गर्ने जग्गाको लालपुर्जा (भाडामा लिएको भए संझौता पत्र समेत)

(५) कृषक समुह वा सहकारीमा आवद्ध  भएको भए सो को प्रमाण,

(६) साझेदारी फर्मको हकमा सामुहिक प्रतिबद्धता र बिनियम

अनुसूचीः २

## कृषक समुह दर्ताको लागि निवेदन

**मिति: २०७६।   ।   ।**

**श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,**
**मोदी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,**
**पातिचौर, पर्वत**

### विषय: कृषक समुह दर्ता गरीपाउँ भन्ने बारे ।

**प्रस्तुत विषयमा मोदी गाउँपालिकाको ब्यबसायिक कृषि फर्म र कृषक समुह दर्ता तथा अनुदान संचालन कार्यविधि-२०७६ बमोजिम कृषक समुह दर्ता गर्नको लागि निम्न कागजातहरू संलग्न राखी यो निवेदन पेश गरेको छु। .. .. .. .. .. .. .. .. .. .. .. .. कृषक समुह दर्ता गरिदिनुहुन अनुरोध गर्दछु।**

**<u>निवेदकको</u>**

**हस्ताक्षर.................................**

**नाम:**

**पद:**

**संलग्न कागजातहरू**

(७) गाउँपालिकामा रू. १००।- बुझाएको रसिदको फोटोकपी,
(८) कार्यसमितिले निर्णय गरेको समूहको बिधान ३ प्रति
(९) समूह गठनको निर्णय भएको निर्णय पुस्तिकाको फोटोकपी
(१०) अध्यक्ष, सचिव र कोषाध्यक्षको नागरिकताको फोटोकपी,
(११) समुहका सदस्यको नामावली सहितको वडा कार्यालयको सिफारिस
(१२) समुहमा भएका मेसिन औजार तथा उपकरणहरूको बिबरण,

अनुसूचीः ३

# मोदी गाउँपालिका
# वडा नं. ..... को कार्यालय
............

गण्डकि प्रदेश, नेपाल

दर्ता नं.

मिति: २०७६।   ।

## कृषि फर्म दर्ताको प्रमाणःपत्र

**मोदी गाउँपालिका वडा नं. ..... स्थित .. .. .. .. .. .. .. .. .. .. .. .. .. फर्म लाई "मोदी गाउँपालिकाको ब्यबसायिक कृषि फर्म र कृषक समुह दर्ता तथा अनुदान संचालन कार्यविधि-२०७६" बमोजिम दर्ता गरी यो प्रमाण पत्र प्रदान गरिएको छ।**

**फर्मको प्रकार:                    (दफा ६ को बर्गीकरण अनुसार)**

**मान्य अवधी: २०७७ असार मसान्तसम्म,**

<u>**नबिकरणका सर्तहरू**</u>

(१)**बार्षिक प्रगति प्रतिवेदन (आम्दानी र खर्चको विवरण),**

(२)**वडा\पालिकाबाट पाएको अनुदानको र त्यसबाट सम्पादन गरिएका कामको बिवरण,**

(३)**म्याद समाप्त भएको ३ महिना भित्र नबीकरण गर्नु पर्ने छ। अन्यथा दर्ता शुल्कको ५०% रकम जरिमाना लाग्ने छ।**

**प्रमाणपत्र प्रदान गर्ने अधिकारी**

**नाम :**

**दर्जा :**

**दस्तखत:**

**मिति:**

अनुसूचीः४

# मोदी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पातिचौर पर्वत

गण्डकि प्रदेश, नेपाल

दर्ता नं.

मिति: २०७६।  ।

## कृषक समूह दर्ता प्रमाणःपत्र

**मोदी गाउँपालिका वडा नं.      स्थित .. .. .. .. .. .. .. .. .. .. .. .. .. .. .. .. .. कृषक समूह लाई "मोदी गाउँपालिकाको ब्यबसायिक कृषि फर्म तथा कृषक समुह दर्ता एवं अनुदान संचालन कार्यविधि-२०७६" बमोजिम दर्ता गरी यो प्रमाण पत्र प्रदान गरिएको छ ।**

**सदस्य संख्या:**

**ब्यबसायको प्रकार:**

**<u>नबिकरणका सर्तहरू</u>**

(१) **बार्षिक प्रगति प्रतिवेदन (आम्दानी र खर्चको विवरण),**

(२) **पालिकाबाट पाएको अनुदानको र त्यसबाट सम्पादन गरिएका कामको बिवरण,**

(३) **म्याद समाप्त भएको ३ महिना भित्र नबीकरण गर्नु पर्ने छ । अन्यथा दर्ता शुल्कको ५०% रकम जरिमाना लाग्ने छ ।**

**प्रमाणपत्र प्रदान गर्ने अधिकारी**

**नाम :**

**दर्जा :**

**दस्तखत:**

**मिति:**

## अनुसूचीः५
## कृषकको पेशागत विवरण

फोटो

**कृषक परिचय पत्र नं.** | | | | | |

**नाम**(ब्यवसाय गर्ने मुख्य व्यक्तिको):

**ठेगाना:** जिल्ला: पर्वत पालिका: मोदी गाउँपालिका वडा नं. .. ..

टोल/बस्ती: .. .. .. .. .. .. .. .. .. .. .. .. .. .. .

**मुख्यपेशा:** कृषि, मुख्य बाली/बस्तु: .. .. .. .. .. .. .. .. .. .. .. .. संपर्क नं. .. .. .. .. .. .. .. .. .. .. .. ना.नं./जिल्ला: .. .. .. .. .. .. .. .. .

| परिवार संख्या | १८ वर्ष मुनिका | १८ देखि ५९ वर्षसम्मका | ६० वर्ष भन्दा माथिका | कैफियत(असक्त/अपाङ्ग) |
|---|---|---|---|---|
| महिला | | | | |
| पुरूष | | | | |

खेतिमा संलग्न परिवास संख्या: पुरै समय रोजगार संख्या: आंशिक रोजगार संख्या:

**ब्यवसायिक विवरण:** मुख्य वस्तु र सहायक समेत (नोट: मुख्य वस्तु धान भएमा सहायक पराल हुन्छ)

| क्र. सं. | ब्यवसाय(बाली, पशु, पंछि माछा, माहुरी र अन्य) | क्षेत्रफल/ संख्या | उत्पादन परिमाण | उपज को मुल्य | संचालन मिति | सहयोगि निकाय | रकम रू. |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |

जम्मा वार्षिक लगानी रू. वार्षिक कारोवार रू.

सरदर मासिक आम्दानी रू. पारिवारिक मासिक खर्च रू.

कृषि आम्दानीको योगदान प्रतिशत: ब्यवसाय संचानको वर्ष:

**अन्य ब्यवसाय रोजगारी र आम्दानी**

| क्र.सं. | ब्यवसाय | रोजगारको संख्या | बार्षिक आम्दानी | कैफियत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |

| | | | | |
|---|---|---|---|---|
| ३. | | | | |
| ४. | | | | |

आगामी थप योजनाहरू:

१.

२.

| | |
|---|---|
| | |
| दाया | बाया |

प्रस्तुत गरिएका सबैकुराहरू सत्य हुन् । झुठा ठहरिएमा कानुन बमोजिम सहुँला बुझाउँला । कृषि पेशा छाडेको १ महिना भित्र कार्यालयमा जानकारी गराउने छु भनि सही गर्ने : .. .. .. .. .. .. .. .. .. .. ..

---

कार्यालय प्रयोजनको लागि

कृषक बर्गीकरण: .. .. .. .. .. .. .. .. .. .. .. ..

मिति:

पेस गर्नेको सही:

स्वीकृत गर्नेको सही:

नाम: पद:

नाम:

पद:

## अनुसूचीः ६

## कृषकको परिचय पत्र संकेत नं. .नेपाल सरकार बाट प्रकाशित॰

पर्वत जिल्ला मोदी गाउँपालिकाको कृषक परिचयपत्र नं. निम्मानुसार हुने छ :

प्रदेश प्रदेश संकेत नं.: ४

जिल्ला संकेत नं.: ९

मोदी गाउँपालिका संकेत नं.: ६६

वडा संकेत नं. संबन्धित वडा अनुसार: १ देखि ८ सम्म र

कृषक संकेत नं.: ००००१ देखि शुरू हुने छ ।

जस्तै: मोदी-५, बाजुङ्गको एकजना कृषक जुन ५१ नं. मा फर्म दर्ता गर्न आयो उस्को संकेत नं. राख्नु परेमा निम्मानुसार हुनेछ :

| | | | | |
|---|---|---|---|---|
| ४ | ९ | ६६ | ५ | ०००५१ |

पर्वत जिल्लाका पालिकाहरूको प्रदेशले तोकेकोक संकेत नं. निम्नानुसार रहेको छ:

| प्रदेश संकेत नं. | जिल्ला संकेत नं. | पालिका संकेत नं. | पालिकाको नाम | वडा संख्या | कैफियत |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ४ गण्डकि प्रदेश | ९. पर्वत | ६१ | कुस्मा नगरपालिका | १४ | |
| | | ६२ | फलेबास नगरपालिका | ११ | |
| | | ६३ | जलजला गाउँपालिका | ९ | |
| | | ६४ | पैयुँ गाउँपालिका | ७ | |
| | | ६५ | महाशिला गाउँपालिका | ६ | |
| | | ६६ | मोदी गाउँपालिका | ८ | |
| | | ६७ | विहादी गाउँपालिका | ६ | |

## अनुसूचीः७
## कृषक परिचयःपत्र

**मोदी गाउँपालिका**
**वडा नं. ......को कार्यालय,**

फोटो

**परिचय** **कृषक परिचय-पत्र**

| | | | | |
|---|---|---|---|---|
| ४ | ९ | ६६ | **वडा** | **दर्ता नं.** |

कृषकको नाम: ठेगाना:
ब्यवसाय: नागरिकता नं.
बर्गीकरण: जारी गरिएको जिल्ला
ब्यवसाय शुरू मिति: नागरिकता जारी

## अनुसूचीः८
## उत्पादन लक्ष पेश गर्ने फारम

कृषक समुह/सहकारी/फर्मको नाम: पेश गर्नेको सही:
.. .. .. .. ..
ठेगाना : पेश गरेको मिति:
कृषक परिचय पत्र नं.:

हाम्रो .. .. .. .. .. .. .. .. .. .. .. कृषक समुह/सहकारी/फर्मले .. .. .. .. .. .. .. .. .. .. .. .. .. महिनामा उत्पादन बजारमा ल्यउने गरी अनुसूची-८ मा उल्लेखित निम्नानुसारका बालिहरूको निम्न लक्ष पेश गरेको छ । प्राकृतिक प्रकोपबाट

क्षती नभएको अवस्थामा तोकिएको परिमाणमा १०% भन्दा बढी फरक पर्ने छैन ।

| क्र.सं. | बाली वा बस्तुको नाम | क्षेत्रफल(रो) वा संख्या | उत्पादन हुने महिना | उत्पादन (के.जी.) | घरयासी उपभोग | बिक्रि हुनसक्ने परिमाण | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | के.जी. | दर प्रति | जम्मा मूल्य |
| १. | | | | | | | | |
| २. | | | | | | | | |
| ३. | | | | | | | | |
| ४. | | | | | | | | |
| ५. | | | | | | | | |
| ६. | | | | | | | | |
| ७. | | | | | | | | |
| ८. | | | | | | | | |
| ९. | | | | | | | | |
| १०. | | | | | | | | |
| ११. | | | | | | | | |
| १२. | | | | | | | | |
| १३. | | | | | | | | |
| १४. | | | | | | | | |
| १५. | | | | | | | | |
| १६. | | | | | | | | |
| १७. | | | | | | | | |
| १८. | | | | | | | | |
| १९. | | | | | | | | |
| २०. | | | | | | | | |
| २१. | | | | | | | | |

अनुसूचीः ९

**१.तरकारी बाली :**

**हिउँदे:** मूला, सलगम, गाजर, काउली, बन्दा, ग्याँठगोभी, ब्रोकाउली, रायोसाग, पालुङ्गोसाग, चाईनिजसाग, चिनियाबन्दा (पालुङ्फेन), जिरीकोसाग, धनियाको साग ।

**वर्षे/लहरे:** तितेकरेला, घिरौँला, लौका, फर्सी, जुकेनी, चरेला, इश्वरा, काँक्रो, तरबुजा, खरबुजा, फुर्सेकुभिन्डो, चिचिण्डो ।

**कोसे तरकारी:** केराउ, सिमी, बोडी, बकुल्ला, हिउँदे सिमी,

**गृष्मेतरकारी:** भण्टा, खुर्सानी, भेडेखुर्सानी, गोलभैँडा, रामतोरिया(भिण्डी), तितेभण्टा, प्याज, लसुन, रूख गोलभेडा(टोमारिलो),

**अन्य तरकारी:** च्याउ (कन्ये, सिताके, गोब्रे, जंगली), निउरो (चिप्लेनिउरो, कालीनिउरो, लाखुटो), बाँसको तामा, निगालाको टुसा, कर्कलो, जलुको, खोलेसाग, सितलचिनीको कोसा तथा मुन्टा, सिप्लीकान, बाकाकान, कुरीलो, बनबडे, ढकायो, बाँको, घिरिम्ले, कोईरालको फूल, आदि ।

**२. फलफूल बाली :**

**उष्ण प्रजाति**: आँप, केरा, मेवा, कटहर, भुइँकटहर, अनार, बेलौँती(अम्बा), लिची, एभोकार्डो, हलुवावेद, अन्जिर(खन्युँ प्रजाति), म्याङ्गोष्टिन(तीजु प्रजाती), जामुन, सरिफा, आदी ।

**अमिलो जाति**: सुन्तला, निबुवा, कागती, ज्यामीर, भोगटे, मौसम/जुनार, बिमिरो, आदि ।

**शीतप्रजाती**: आरू, आरूबखडा/खुर्पानी, नास्पती, स्याउ, ओखर, हाडे काफल, अंगुर, किवी, स्ट्रबेरी,

**३. दालबाली :** मास, मस्याङ(सिल्टुङ), भट्टमास, चना, केराउ, मुसुरो, अरहर, खेसरी, सिमी, बोडी, गहत ।

**४. खाद्यन्न बाली:** धान, मकै, कोदो, फापर, कागुनु (सुजी), गहुँ, जौ, उवा, बार्ली, जुनेलो, लट्टे ।

५. **तेलबाली:** तोरी, सर्स्युँ, आलस, सूर्यमुखीफूल ।

६. **मसलाबाली:** अदुवा, बेसार(हलेदो), अलैची, जिरा, धनिया, मेथी, चमसुर, सिलाम, भाँगो, पुदिना ।

७. **कन्दमूल बाली:** आलु, सखरखण्ड, पिडालु, बदाम, तरूल, बनतरूल, गिठ्ठा, भ्याकुर, सिमल तरूल, ग्राउण्डएपल(भुईस्याउ), ईस्कुशको जरा, कुरिलोको जरा, पानिअमला ।

८. **पुष्पबाली/तथा श्रृंगारिक बोट:** सयपत्री फूल, गोदावरी फूल, ग्लाडिओलस, मखमली, लाहुरेफूल, बगनबेली, गुलाव, गुल्मोहर, निल्मोहर, बोटलब्रस, पारिजात, हेज(निलकाँडा), कार्पेट दुबो, अशोक ।

९. **अन्य बिबिध:** चिया, कफी, उखु, सुर्ती, लेमनग्राँस, टिमुर लगायत जडिबुटी समुहका बालीहरू ।

१०. **माहुरी पालन तथा मह उत्पादन:** मेलिफेरा र सेराना ।

११. **संरक्षण गर्नुपर्ने प्रजातीहरू:** अनदी, आँगा, कनजिरा, गौरीया, जर्नेली, जर्पनि र झिनुवाको धान, जुनेलो, स्थानीय जातको फूलगोभी र पातखाने काउली तथा अन्य स्थानीय तरकारीहरू

प्रमाणिकरण मितिः २०७६।०७।०७

**आज्ञाले,**
**कुमान सिंह गुरुङ**
**प्रमुख प्रशासकीय अधिकृत**